# शिवनाथ गाउँपालिका

## सुल्लेखान, वैतडी

## सुदुरपश्चिम प्रदेश, नेपाल

# स्थानीय राजपत्र

## शिवनाथ गाउँपालिकाद्वारा प्रकाशित

*खण्ड : १ अंक : ३ मिति : २०७५ साल फागुन २१ गते मंगलबार*

## भाग २

## शिवनाथ गाउँपालिकाको विपन्न नागरिक सहायता कार्यविधि, २०७५

शिवनाथ गाउँ सभाको मिति २०७५।११।२१ गतेको बैठकबाट स्वीकृत भएको **"शिवनाथ गाउँपालिकाको विपन्न नागरिक सहायता कार्यविधि, २०७५"** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# विपन्न नागरिक सहायता कार्यविधि, २०७५

**प्रस्तावना :** विपन्न नागरिकहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा कार्यविधि व्यवस्था गर्न वाञ्छनीय भएकोले, शिवनाथ गाँउकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम विपन्न नागरिक सहायता कार्यविधि, २०७५ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले शिवनाथ गाउं कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले शिवनाथ गाउँकार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले शिवनाथ गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(घ) प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शिवनाथ गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले शिवनाथ गाउँपालिका सम्झनु पर्छ ।

(च) "वडा समिति" भन्नाले शिवनाथ गाउँ कार्यपालिकाको वडा समिति सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले कार्यपालिका वा गाउँसभाको सदस्य सम्झनु पर्छ । सो शब्दले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष समेतलाई जनाउने ।

(ज) "कार्यक्रम" भन्नाले विपन्न नागरिक लाई गरिने आर्थीक सहायता कार्यक्रम सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले विपन्न नागरिक सहायता समितिलाई सम्झनु पर्ने छ ।

(ञ) "विपन्न नागरिक" भन्नाले आर्थिक, सामाजीक, रुपमा पछाडी परेका र सो शब्दले कडा रोगलागी अपचार गर्न असमर्थ, सरंक्षक नभएका वृद्ध, असहाय महिला, बालबालिका तथा अपांगता भएका व्यक्ति समेतलाई बुझनुपर्दछ ।

(ट) "सिफारिस समिति" भन्नाले विपन्न नागरिक सहायता सिफारिस समिति बुझनु पर्छ ।

(ठ) "अनुगमन समिति "भन्नाले विपन्न नागरिक सहायता अनुगमन समिति सम्झनु पर्छ ।

**३. कार्यक्रमको सञ्चालन :** (१) यो कार्यक्रम शिवनाथ गाउँपालिका भित्रका सम्पुर्ण वडाहरुलाई समावेश गरि सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

**४. अनुमति नहुन्जेल सहायता गर्न नहुने :**

(१) यस कार्यविधिको प्रक्रिया पुरानगरी तथा गाँउपालिका अध्यक्षबाट अनुमति नलिई आर्थिक सहायता गर्न पाईने छैन ।

(२) कसैले उपदफा (१) विपरित गरेमा दफा १९ बमोजिम जरीवाना गरिने छ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि आउनु भन्दा अगावै प्रचलित नेपाल कानून बमोजिम भएका सहायताका लागी यसकार्यविधि ले बाधा पारेको मानिने छैन ।

**५. सहायताका लागि निवेदन दिनु पर्ने :** (१) विपन्न नागरिकमध्ये सहायता लिन चाहने व्यक्तिले अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित स्थानिय तह समक्ष निवेदन दिनुपर्नेछ । साथै सो निवेदन वडा कार्यालयमा समेत दर्ता गराउन सकिनेछ र उक्त निवेदन वडा कार्यालयले स्थानिय तहमा पेश गर्नुपर्नेछ ।

**६. निवेदनसाथ संलग्न गर्नुपर्ने :** दफा ५ बमोजिम दिने निवेदन साथ देहायको कागजात संलग्न गर्नुपर्नेछः

(क) वडा समितिको निर्णय सहितको विपन्नता सिफारिस । अपाङ्गको हकमा महिला तथा बालबालीका कार्यालयको परिचय पत्र । एकलको हकमा वडा एकल सिफारिस ।विधवा को हकमा पुरुषको मुत्य दर्ता को प्रमाणपत्रको प्रतिलिपी

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि / जन्मदर्ताको प्रतिलिपी / विवाहदर्ताको प्रतिलिपी

(ग) निवेदन दस्तुर रु १०।-

(घ) कडा रोग लागी जिवन धान्न नसक्ने अवस्थाका नागरिकका लागी अस्पतालको सिफारिस र कागजात

(ङ) आवश्यक अन्य कागजात वा परिचय खुल्ने कागजात

**७. आर्थिक सहायता दिन सकिने :** (१) शिवनाथ गाँउकार्यपालिकाले कार्यविधि स्वीकृत गरेपश्चात दफा ५ बमोजिम प्राप्त निवेदन र संलग्न कागजात साथै राखी दिएको निवेदन उपर विपन्न नागरीक सहायता समितीको बैठकमा आवश्यक छलफल गरि उपयुक्त देखिएमा बढिमा २५,००० अक्षेरुपी पच्चिस हजार सम्मको सहायता दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सहायता गर्ने सम्वन्धमा रकम वा अन्य जिन्सी सुविधा प्रदान गर्न सकिनेछ ।

**८. सहायतामा रोक लगाउन सकिने :** (१) नेपाल सरकारको निवृतिभरण सुविधा उपलब्ध भएका तथा अन्य कुनै तलव भता वा अन्य कुनै किसिमको भत्ता खाई राखेका नागरिक लाई यो सहुलियत प्रदान गरीने छैन ।

(२) उपदफा (१) विपरित गरि कसैले विपन्नता देखाई सहायता लिएको तथा सिफारिस गरेको पाईएमा यस कार्यविधिको दफा १९ बमोजिम कार्वाहिका साथै सरकारी असुल सरह असुल उपर गरिनेछ ।

**९. विपन्न नागरिक सहायता सिफारिस आधारहरु :** (१) यस गाउँपालिका भित्रका कुनै पनि वडा कार्यालयबाट आएका सहायताका सिपफ़रिसहरु माथी समितिमा छलफल गरि आवश्यक देखिएमा सहायताका लागी सिपफ़रिस गर्ने छ

(२) उपदफा १. बमोजिम सहायताका लागी सिफारिस गर्दा देहायका आधारहरु लिनु पर्ने

(क) विधालयमा अध्यनरत बालबालिकाका हकमा आमा वुवा दुवै नभएका बालबालिका र अन्य असहाय बालबालिका

(ख) अपाङ्गता परिचय पत्र भएका तर आर्थिक सहुलियत नपाउने तथा आर्थिक अवस्था दयनीय रहेका, आर्थिक अवस्था कमजोर भएका

(ग) आमा वुवा नभई शिक्षा बाट वञ्चित वालवालिकाहरु

(घ) निवेदक मध्ये टुहुरा दलित विपन्न दलित घरवारविहिन वा अति विपन्न भएका ।

(ङ) वेरोजगार घर परिवार आदी जस्ता आधारहरु अवलम्वन गरि सहायताका लागी सिफारिस गरिनेछ ।

(च) कडा रोग लागेका विरामीहरु ( मुटु, क्यान्सर, मृगौला रोग ईत्यादी जटिल प्रकृतिका रोग लागेका विरामी )/ दैवि प्रकोप भई असहाय भएका

**१०. निवेदन रद्द गर्न सकिने :** आवश्यक कागजात सहित रितपुर्वक नआएका निवेदन हरु र झुटा विपन्नता देखाई आएका निवेदनहरु रद्द गर्न सकिनेछ ।

**११. सहयताका दिन बाध्य नहुने :** विपन्नताका लागी पर्न आएका निवेदन माथी छलफल गर्दा विपन्नताका लागी प्राथमिकतामा रहेका वर्गहरुलाई मात्रै सहुलियत उपलब्ध गराईनेछ ।

यसक्रममा बजेट अभाव भएको तर औचिल्यका दुश्टिले सहायता आवश्यक भएको तर सहुलियत उपलब्ध गराउन नसकिने अवस्था देखिएमा आगामि आ.व मा निरन्तरता दिइने छ ।

**१२. विपन्न नागरिक सहायता सिफारिस समिति :** (१) यस गाँउपालिका भित्र निम्नानुसारका ११ सदसिय विपन्न नागरिक सहायता सिफारिसि समितिः रहने छः

(क) गाँउपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष – सह संयोजक

(ग) गाउँपालिको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(घ) ६ वटै वडाका वडा अध्यक्ष - सदस्य

(ङ) कार्यपालिकाको सदस्यहरु मध्येवाट महिला सदस्य १ जना - सदस्य

(च) कार्यालयमा सामाजिक सुरक्षा शाखा हेर्ने शाखा प्रमुख - सदस्य

**१३. विपन्न नागरिक सहायता समन्वय तथा अनुगमन समितिः** १ यस गाउँपालिकाको विपन्न नागरिकहरुलाई सहायता गर्न वनेको यस कार्यविधिमा अनुगमन समिति देहायवमोजिम रहनेछ ।

क) गाँउपालिका उपाध्यक्ष - संयोजक

ख) कार्यपालिकाको सदस्यहरु मध्येवाट १ जना महिला सहित २ जना - सदस्य

(ग) अध्यक्षले तोकेको दलित निर्वाचित सदस्य तथा कार्यपालिकाको कुनै सदस्य मध्येबाट १ जना सदस्य

(घ) कार्यालयमा प्रमुखले तोकेको एक जना कर्मचारी - सदस्य सचिव

**१४. सिफारिस समिति र समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रिया :** (१)विपन्न नागरिक सहायता सिफारिस र समन्वय तथा अनुगमन समितिको बैठक त्रैमासिक रुपमा वस्नेछ ।

(२) उपदफा १मा जुनक्सुकै कुरा लेखिएको भए तापनि आवश्यक ठानीएको खण्डमा जुनसुकै समय र पटक वैठक वस्न वाधा पर्ने छैन ।

**१५. सूचना प्रकाशन गर्नू पर्ने :** (१) यस कानून बमोजिम सहायता पाउने नागरिको नामावलि यस कार्यालयको सूचना पार्टिमा अनुसूचि २ को ढाचामा यस कार्यालयले टास गर्ने छ ।

**१६. सिफारिस समितिको काम, कर्तव्य र अधिकार :** विपन्न नागरिक सहायता सिफाा्रिस समितिको काम ,कर्तव्य र अधिकार निम्म वमोजिम हुनेछ ।

(क) निवेदक हरुमध्ये सवैभन्दा कमजोर वर्ग जातीको सिफारिस गर्ने ।

(ख) व्यतिगत सम्वन्ध नातागोता र वा कुैनै प्रकारको स्वार्थ राखी सिफारि नगर्ने

(ग) सिफारिस समितिले वडाको परामर्श समेत लिनसक्ने ।

(घ) सिफारिस समिति लाई औचित्य हेरी मात्र सिफारिस गर्ने अधिकार रहने ।

**१७. कार्यक्रम प्रारम्भ हुने :** (१) आवश्यकता हेरी प्रत्येक आर्थिक वर्षमा विपन्न नागरिक सहायता गर्ने कार्यक्रम रहनेछन ।

**१८. अनुगमन समितिको काम, कर्तव्य र अधिकार :** (१) विपन्न नागरिक सहायता समन्वय तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) सिफारिस समितिले सिफारिस गरेका नागरिकहरुको वारेमा अध्ययन अनुसन्धान तथा अनुगमन गर्ने ।

(ख) आवश्यक हेरी सहायता उपलव्ध गराउने सम्वन्धमा सिफारिस समितिलाई थप सहयोग गर्ने ।

(ग) यस कार्यविधि विपरित काम गरेको पाएमा कार्वहिका लागी सिफाारिस गर्ने अधिकार रहनेछ ।

**१९. दण्ड तथा जरिवाना :** (१) यस कार्यविधि विपरित हुने गरि कसैले झुट्टाविवरण पेश गरि सहायता लिईएको पाईएमा प्रचलित नेपाल कानुन वमोजिम सहायता लिएको रकम सरकारी बाकी सरह

असुल उपर गरिनेछ सम्वन्धित व्यक्तिबाट असुल उपर नहुने अवस्था देखिएमा कार्यविधि विपरित यसरि सिफारिस गर्ने पदाधिकारीबट समेत अनुल उपर गरिनेछ ।

(२) उपदफा १. वमोजिम कार्वाहि गर्नु पूव सुनुवाइको (Hearing) मौका दिईने

२०. **अनूसुचीमा हेरफेर तथा थपघट गर्न सक्ने:** यस कार्यविधिको अनुसूचिमा हेरफेर तथा थपघट गर्नु पर्ने भएमा अनुगमन समितिको सिफारिसमा कार्यपालिकाले आवश्यकता वमोजिम थपघट गर्न सक्नेछ ।

२१. **कार्यविधिको व्याख्या तथा संशोधन**

कार्यविधिको संशोधन गर्नु पर्ने भएमा स्थानीय तह विपन्न नागरिक अनुगमन समितिको सिफारिशमा कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

## अनुसुचि – १

## विपन्न नागरिका सहायता कार्यविधि, २०७५ को

## दफा ५.१ सँग सम्वन्धित

विपन्न नागरिक सहायता पाउनका लागी दिइने निवेदन

श्रीमान अध्यक्ष ज्यू

शिवनाथ गाँउपालिका कार्यालय वैतडी

विपन्न नागरिक सहायता कार्यविधि, २०७५ को दफा ६ बमोजिमका कागजात संलग्न गरि विपन्न नागरिक सहायता पाउनको लागि देहायका विवरणहरू खुलाई यो निवेदन गरेको छु/छौं ।

१. निवेदकको, नामथर :

(क) स्थायी ठेगाना -

जिल्ला :

शिवनाथ गाँउपालिका कार्यालय

वडा नं. :-

गाउँ । टोल :-

फोन नं. :-

नागरिकता लिएको जिल्ला

नागरिकता नं र नागरिकता लिएको मिति  :-

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको :-

सही :-

नाम :-

मिति :-

## अनुसुचि – २

## विपन्न नागरिक सहायता कार्यविधि, २०७५ को

## दफा १५.१ सँग सम्वन्धित

सहायता पाउने नागरिकको नामावली

| सि.न. | नामथर | वडा न. | सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |

**आज्ञाले,**

**कमल सिह महरा**

**प्रमुख प्रशासकीय अधिकृत**